# प्रदेश सभा

**सुदूरपश्चिम प्रदेश**

२०७५/ १० /१८

तेस्रो अधिवेशन

(चौथो बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

१. **माननीय सदस्यहरू,**

यस सभाको तेस्रो अधिवेशनको चौथो बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

२. माननीय सदस्यहरू

प्रदेश सभा नियमावली, २०७४ को नियम ५७ बमोजिम समसामयिक विषयमा बोल्नका लागि शून्य समय माग भई आएकोले उक्त सयम निर्धारर्ण गरेको छु । शून्य समयमा बोल्नु हुने प्रत्येक माननीय सदस्यहरुको लागि ३ मिनेटको समय निर्धारण गरेको छु ।

सर्वप्रथम **माननीय कर्ण वहादुर मल्ल**

**माननीय कर्ण वहादुर मल्ल :–** माननीय सभामुख महोदय सर्वप्रथम आज २४ दिनदेखि अनसनमा वस्नुभएका डा.गोविन्द केशी को पक्षमा देशभरिका चिकित्सक हरुले उहाको जीवन रक्षार्थ जुन आन्दोलन गर्नुभएको थियो । ति मद्धे १७ जनालाइ भरखरै सरकारले ग्रिफ्तार गर्नुभाको छ । उहालाइ रिहाइ गर्नुपर्छ र डा. गोविन्द केशीको जुन ज्यान जोखिममा छ । त्यो प्रति सरकार गम्भिर भएर यो समस्यालाइ समाधान गरिनुपर्छ । भन्ने म यो हाम्रो प्रदेशको गरिमामय संसदमार्फत माननीय सभामुख मार्फत यो आग्रह गर्न चान्छु । त्यसैगरिकन यो दैवि प्रकोप दुरघटना संग सम्वन्धित ३ वटा कुराहरुछन  माननीय सभामुख महोदय हाम्रो यो प्रदेश सरकारको ध्यान आर्कसण गराउन चाहान्छु । २०७५ साल मंसिर ६ गते उग्रतारा मेला को दिन डडेलधुराको रणुवामा एउटा वस दुर्घटना भएको थियो । जसमा ४५ जना सवार थिए र १८ जनाको दुरघटनामै मृत्यु भएको थियो र २३ जना मद्धे वाकिरहेका २५ जना मद्धे २२ जना स्वस्थ्य उपचार भइ आफ्नो घरफर्किसक्नु भएको छ र ३ जना ट्रामा हस्पिटल काठमाण्डु टिचिङ हस्पिटल सुस्मा मेमोरियल हस्पिटल काठमाण्डैमा अहिलेपनि उपचारार्थ छन । माननीय सभामुख महोदय म के ध्यान आर्सण गराउन चाहान्छु भने घटनाको लगत्तै हाम्रो प्रदेशको मुख्य मन्त्रीले त्यो घतनामा भएका सम्पुर्ण जिम्मेवारि यो प्रदेश सरकारले पनि लिनेछ र घटनाका जतिघाइते छन । त्यसको सम्पुर्ण उपचार प्रदेश सरकारले गर्नेछ । भनेर वचन दिनु भएको थियो । तर आजको दिनमा म याहाँ माननीय महिला आदर्णीय धेरै सानसदज्यु हरु पनि हुनुहुन्छ । एकजना महिला मिना भुल सार्की घाइते हुनुहुन्छ । त्यसमा उहाको वच्चा थियो । पेटमा त्यो वच्चाका धन्न वच्चालाइ अप्रेशन गरेर आमा लाइ वचाउन सफल भएको छ । यस्तो दर्दनात्मक अवस्तामा पनि प्रदेश सरकारले प्रदेस सरकारको मुख्य मन्त्री ज्युलेनै आफैले दिनुभएको वाचा १ प्रतिशत पनि कार्यानयन नभएको हुनाले यसलाइ

यथासिग्र कार्यानयनको लागि म ध्यान आकर्सण गराउन चाहान्छु । त्यसैगरिकन २०७५ साल पौष १४,१९,२० र २२ गते डडेलधुराको वजारमा आगलागि हुदै गर्दा खेरि १६ वटा घर पसल सहित नस्ट भएका छन र एउटा घर वाचेको छ र पसलमा नोक्सानि भएको छ । टोटल जम्मा नोक्सानि चाहि १८२६९७०८ रुपयाँको नोक्सानि भएको छ । यसमा पनि यो सरकारको माननीय भैतिक योजना तथा पुर्वाधार मन्त्री आफै स्थलगत भर्मण गरेर आफैले साथि हरुलाइ प्रदेश सरकारको तर्फवाट कुनैन कुनै राहात दिने भन्ने आस्वस्त गर्नुभएको थियो । आजको दिन सम्म पनि यो प्रदेश सरकारले योप्रति कुनैपनि ध्यन नदिएको हुनाले यथासिघ्र पिडित हरुलाइ राहातको लागि म आग्रह गर्न चाहान्छु । त्यसै गरिकन २०७५ साल माग ९गतेका दिन जो चट्याङ वाट २ जनाको मृत्यु भएको छ । गन्याधुरा ५ श्री भुवनेस्री मा.वि. २ जैसेरा कक्षा ६ मा अद्यन गरिराखेकै वेलामा चट्याङ वाटै रोसनि देयवाको मृत्यु भएको छ । भने आलिताल गा.पा. ३ वागथला ३० वर्षका हर्क व. थापाको मृत्यु भएको छ । यो ३ वटै घटना क्रममा स्थानिय सरकार स्थानिय समाज सेवि स्थानिय केहि व्यपारि हरुले स्थानिय केहि समिक्षा राख्ने त्यहाँका नागरिक हरुले सहयोग वाहेक प्रदेश सरकारको मुख्य मन्त्री ज्यु प्रदेश सरकारका मन्त्री ज्यु हरुले पटक पटक यि क्षेति पुर्ति र यि दैविय प्रकोप वाट र दुर्घटनावाट पिडित परिवारलाइ दिने जुन आस्वासन दिनु भएको थियो । अहिले सम्म कुनैकुराहरु पुरा नगरेको हुनाले माननीय सभामुख महोदय यो प्रदेश सरकारको म यतातिर ध्यान आर्कषण गराउन चाहान्छु धन्यावाद ।

**मा० कुलविर चौधरी** .–माननीय सभामुख महोदय यो विना पैसाको जेट योजना प्रदेश सरकारले पाएको छ भन्नेकुरा थाहा हुदा हुदैपनि हाम्रो यो कन्चनपुर जिल्ला को कलुवापुर वेलौरि सडक बुवाको पालामा वाजेको पालामा सुरुवात भएको सडक वाउको पालो पनि सकियो र छोराको पलोमा पनि त्यहि नाम लिनुपर्ने अवस्ता रहेको छ । त्यसो भएको हुनाले त्यस सडकलाइ भविस्यमा वेलौरि नाकालाइ पनि विस्तार गर्नुपर्ने कुरा पनि उठिरहेको हुदा त्यसकोलागि त्यो सडकको यथासिग्र कार्यानयन होस र त्यो सडकलाइ डि.पि.आर. तयार गर्नको लागि भविस्यमा ४ लाइनको सडक वन्नुपर्छ भन्नेकुरा म यो प्रदेश सरकारलाइ ध्यन आकर्षण गराउन चाए र पटक पटक पनि हाम्रो यसै सदन वाट हाम्रा कन्चनपुर तथा विभिन्न क्षेत्रमा रहेका जनता हरुको आरक्ष पिडित सुकुम्वासि र पुर्जा विहिन समस्या हरु भएको कारणले गर्दाखेरि तिनिहरुको समस्या कसरि समाधान गर्ने सकिन्छ यथा सिग्र यस प्रदेश सरकार मार्फत सम्वन्धित संघिय सरकार लाइ पनि ध्यान आकर्षण होस र यो हालसालै हाम्रो वेलौरि नाका विस्तार हुने करम सुन्नमा अएको हुनाले तत्कालै भारतको सिमानादेखि लिएर कुनैकिसिमको असर नपर्ने जंगल कुनैपनि कटान गर्नुनपर्ने अवस्ता भएको कारणे गर्दाखेरि मैनाहाँको वडा न.५ मैनाहाको पुलसम्म ४ लाइनको लाइनिङ रेखाङ्कन होस भन्नेकुरा राख्दै विदाहुन्छु हवस्त धन्यावाद ।

**मा० दुर्गा कुरमारि कामी :–**माननीय सभामुख महोदय प्रदेश सभाको तेस्रो अधिवेसनको सुरु भैसकेको छ आज चौथो वैठकमा छौ म यो तेस्रो अधिवेषन यो कानुन निर्माणको अभिवेषन भनोस छिटो भन्दा छिटो आवस्यक कानुन हरु निर्माण हुन भन्न चाहान्छु

मानननीय सभामुख महोदय यो हिउदे अधिवेसन सुरु भैसकेको छ वर्खे अधिवेषन मा भएका विभिन्न दैविप्रकोपका घटनाहरु हामिले सरकारलाइ सरकारको ध्यानआर्षण गराएका छौ क्षेति भइका क्षेतिपुर्ति को अहिलेसम्म सुनाइ भैसकेको अवस्ता छैन । त्यसपछि अस्ती मात्र भरखरै चट्याङपरेर पन्चदेवल विनाएक नगरपालिका कुलेतलाका १८ जना एकै पटक घाइते भएका छन र एकजनाको मृत्यु भैसकेको छ । तरपनि ति घाइते भएका र मृतकका घर परिवारलाइ क्षेतिपुर्तिको तत्का व्यवसता प्रदेश सरकारले गरोस भनि ध्न आर्कसण गराउन भाहान्छु । माननीय सभामुख महोदय प्रदेश सभाको निर्वाचन पुर्वाधार विकास कार्यक्रम यसमा यो आउदा अत्यन्तै खुसिलागेको थियो । गर्वलागेको थियो हामिले प्रदेश सरकारले ल्याएका रातो कितापमा आएका योजनाहरु कतिपए कुनै ठाउँ हरु कुनै वडा हरु र आवस्यक परेको ठाउ पनि  विभिन्नकारणले गर्दा सम्पन्न भएका छैनन् । तर अव यो वजेट वाट हामिले त्यस्ताखालका अति आवस्यक भएका ठाउहरुलाइ पनि सम्वोधन गर्नेछु । भन्ने आसा गरेका थियौ । तर म आफ्नै निर्वाचन क्षेत्रमा हुदाखेरि पनि त्यो कुराको जानकारि मलाइ अहिले सम्म भएन मेले संवन्भित क्षेत्रको माननीय ज्युलाइ पनि मैले भने माननीय ज्यु केछ सरसल्लाह गरौ यो वजेट विनियोजन गर्दामा कहिले वसालनु हुन्छ वैठक हामि सल्लाह गरौ भन्दाखेरिमा मैले आफनै निर्वाचनमा क्षेत्रमा वस्न नपाउदा खेरि अत्यन्तै दुख लागेको छ । म माननीय सभामुख मार्फत यो प्रदेश सरकारको ध्यान आकर्सण  गराउन चाहान्छु । यो निरङकुस यो पुर्वाग्रहि कार्यक्रम यस्तै ढंगवाट हुनेहो यो कुनैपनि हाम्रो हैसियत चै हुदैन हाम्रो त्याहाँ सहभागिता हुदैन मनपरि ढंगवाट एकल निर्णय गर्ने खालको यो कार्यविधिले व्यवस्ता गरेको हो भने यसको खारेज होस भन्ने माग राख्न चाहान्छु । माननिय सभामुख महोदय त्यसैगरि अहिले विभिन्नखालका मिडियामा आएका छन सुचनामा प्रदेश सरकार कामविहिन सरकार भयो हामिले सुन्नेगरेका छौ  । हामियतातिर प्रदेश सभा तिर आउदाखेरि पनि कामनभएका माननीय भनेर कहिले न्युजमा आउछ । भन्ने डरले पनि हामिले भाग्नु पर्ने अवस्ता छ।  त्यसोभएको कारणले गर्दा निवाचन क्षेत्रमा गएका योजनाहरुका त्यहाँ रातो वुकमा एकखालका योजका नामहरु छन । निर्वाचन क्षेत्रमा ति योजनाहरु खोजेर भेट्टिदैनन त्यसो भएको कारणलेगर्दा कसरि यसलाइ  सरल वनाउने कसरि यसलाइ प्रभावकारि कार्यानयनमा लैजान सकिन्छ यसपर्ति सरकार गम्भिर होस भन्नेकुरा राख्दै विदाहुन्छु धन्यावाद

*(बोली सकेपछि)*

**३. माननीय सदस्यहरु,**

आजको शून्य समय यही समाप्त हुन्छ ।

**४. माननीय सदस्यहरू,**

अब, **प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५** माथीको कार्बाही प्रारम्भ हुन्छ ।

**५. माननीय सदस्यहरू,**

अब, म **प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५** लाई प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम (१) को देहाय खण्ड (ख) बमोजिम दफावार छलफलका लागि **विधायन तथा प्रदेश मामिला समिति**मा पठाईयोस

भनी प्रस्ताव प्रस्तुत गर्न माननीय आन्तरिक मामिला तथा कानून मन्त्री प्रकाश बहादुर शाह लाई अनुमति दिन्छु ।

**माननिय प्रकाश बहादुर शाह :–** माननिय सभामुख महोदय यस प्रदेश सभामा टेवल भै सैद्दान्तिक छलफल समेत भैसकेको प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि संसोधनको प्रस्ताव समेत पेशहुन नआएका व्यहारा माननीय सभामुख ज्यू वाट जानकारि हुन आएको ले उक्त विधेकमा दफावार रुपमा विस्त्रित छलफल गर्नकालागी प्रदेश सभा नियमावलि २०७४ को नियम १०८ को उपनियम १ को (ख) वमोजिम विधायन तथा प्रदेश मामिला समितिमा पठाइयोस भनि माननीय सभामुख ज्यु मार्फत सम्मानित सभामा प्रस्ताव पेश गर्दछु धन्यावाद

*(प्रस्ताव पेश भए पछि)*

६. **माननीय सदस्यहरु,**

अब, म **प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५** लाई दफावार छलफलका लागि **विधायन तथा प्रदेश मामिला समिति**मा पठाईयोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस ।

***(“हुन्छ” भनेपछि)***

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस ।

७. “हुन्न” भन्ने आवाज सुनिएन तसर्थ **प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५** लाई दफावार छलफलका लागि **विधायन तथा प्रदेश मामिला समिति**मा पठाईयोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु ।

८. **माननीय सदस्यहरू,**

**प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५** माथिको आजको कार्बाही यँही समाप्त हुन्छ ।

९. **माननीय सदस्यहरू,**

आजको बैठकको कार्वाही यही समाप्त हुन्छ ।

अर्को बैठक मिति २०७५ साल माघ २४ गते विहिबार दिनको २:०० बजे बस्ने भएकोले उक्त समय सम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।